# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## देवचुली नगरपालिका
## नवलपरासी ब.सु.पू.

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

देवचुली नगरपालिका

नवलपरासी ब.सु.पू.

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

देवचुली नगरपालिका

नवलपरासी ब.सु.पू.

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*
स्वतन्त्रता *(Independence)*
व्यावसायिकता *(Professionalism)*
पारदर्शिता *(Transparency)*
जवाफदेहिता *(Accountability)*

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ जेठ

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**

**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

गण्डकी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ७०

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू ,
देवचुली नगरपालिका, देवचुली नगरकार्यपालिकाको कार्यालय,
नवलपूर ।

१. **कैफियत सहितको राय** — हामीले देवचुली नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१ पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२ लेखापरीक्षणबाट रू.२ करोड २५ लाख ५८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु ८ लाख ५ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू– ४५ लाख ८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ५३ लाख ७२ हजार, नियमित गर्नुपर्ने रु. १५ लाख ३ हजार र पेश्की बाँकी रु. ३ लाख ७० हजार समेत रु २ करोड १७ लाख ५३ हजार रहेको छ । देवचुली नगरपालिकाको गतवर्ष सम्म रु. ११ करोड ९४ लाख ४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १२ करोड २७ लाख ७७ हजार रहेको छ । देवचुली नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने देवचुली नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती **(Fraud)** वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी देवचुली नगरपालिकाको व्यवस्थापनमा रहेको छ । नगरपालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती **(Fraud)** वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती **(Fraud)** वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती **(Fraud)** वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

# देवचुली नगरपालिका,
# नवलपुर जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५५ | ५७ | २२५५८ | ० | ३ | ८०५ | ५५ | ५४ | २१७५३ | ४५०८ | १५०३ | १५३७२ | ० | ० | १६८७५ | ३७० |

## २. अद्यावधिक बेरुजु स्थिति २०७९।८० सम्मको

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नवलपूर | ११९४०४ | ० | १८३८० | | ० | २१७५३ | १२२७७७ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|
| २०७९।८० (चालु वर्षको) | | | |
| | ३० | राजस्व रकम ढिला दाखिला | ५००० |
| | ४७ | प्रशिक्षण भत्ता | २९७० |
| | ६३ | नवीकरणीय उर्जा प्रविधि जडान | ७९७१६० |
| चालु वर्षको जम्मा | | | **८०५१३०** |
| गत विगत वर्षतर्फको | | | |
| २०७८।७९ | | | |
| **कुल जम्मा** | | | **१५१६४२८९** |
| २०७७।७८ | | | |
| **कुल जम्मा** | | | **३२१५७२८** |
| २०७६।७७ | | | - |
| **गत विगतको जम्मा** | | | **१८३८००१७** |
| **कुल जम्मा** | | | **१९१८५१४७** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय -** संघ प्रदेश सरकारबाट प्राप्त अनुदान तथा राजश्व बाँडफाँट एवं पालिकाको आन्तरिक श्रोत साधनको अधिकतम उपयोग गरी संविधानको अनुसुचीमा उल्लेखित कार्यहरु सम्पादन गरी नागरिकलाई अधिकतम लाभ प्रदान गर्नु पालिकाको उदेश्य रहेकोछ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।२३ देखि २०८०।८। ३० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको विनियोजनतर्फ, राजश्वतर्फ, धरौटीतर्फ, अन्य कारोबारतर्फ, आय — व्ययतर्फ, सम्पत्ति तथा दायित्वको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ९४१५५० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| **सि.नं** | **बिवरण** | **रकम रु.** |
|---|---|---|
| १ | मु अ कर वापतको रकम दाखिला | ८२१०८५ |
| २ | दोहोरो भत्ता | २१०० |
| ३ | विद्यालयमा बढी निकासा रकम | ७०३६५ |
| ४ | कट्टी नभएको आय कर रकम | ४८००० |
| **जम्मा रकम** | | ९४१५५० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.६८०४८२.४४ , यस वर्षको प्राप्ति रु.४०२५०९६३.८६ यस वर्षको भुक्तानी रु.२१८०६१२०.४४र बैङ्क मौज्दात रु.७८४९३.५१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२ ) | २२६०४०६४२.१५ | ९५००६४०१८.०४ | ७६०३१६००९.७६ | २०८११४३५८.१९ |

| | | | | |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरणअनुसार | २२५३६०१५९.७१ | ९९०३१४९८१.९ | ७८२१२२१३०.२ | २०८१९२८५१.७ |
| फरक | ६८०४८२.४४ | ४०२५०९६३.८६ | २१८०६१२०.४४ | ७८४९३.५१ |

३ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समिति गठन गरेपनि समितिले प्रभावकारीपूर्वक कार्य गरेको पाइएन ।

४ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

५ **चौमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च रु हजारमा | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |

| | | | | | |
|---|---|---|---|---|---|
| पूँजिगत खर्च तर्फ | २४१०५६ | २९७७६ | २७३०९ | १८३९७१ | ८९७३५ |
| **जम्मा** | **२४१०५६** | **२९७७६** | **२७३०९** | **१८३९७१** | **८९७३५** |
| **जम्मा प्रतिशत** | १०० | १२.३५ | ११.३२ | ७६.३ | ३७.२ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु.२४१०५६११७ निकासा भएकोमा प्रथम चौमासिकमा रु.२९७७६१८६ अर्थात १२.३५ प्रतिशत, दोश्रो चौमासिकमा रु. २७३०८९९१ अर्थात ११.३२प्रतिशत र तेश्रो चौमासिकमा रु.१८३९७०९४० अर्थात ७६.३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी आषाढ महिनामा मात्र रु. ८९७३५१७७ अर्थात ३७.२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन ।स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

६ **योजना र कार्यान्वयन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समिति/निर्माण व्यवसायी मार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्ः

| **क्र.सं.** | **विवरण** | **योजना संख्या** |
|---|---|---|
| १ | रु.५ लाख सम्मका योजना | ३८७ |
| २ | रु. ५ लाख एकदेखि ५० लाख सम्मका योजना | ७२ |
| ३ | रु.५० लाख भन्दा माथिका | २ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १ लाख देखि. ५० लाख सम्मका जम्मा ४६१वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र ३८७ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

७ **अबण्डा बजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु ४२ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मिति को निर्णयबाट पुजीगततर्फ रु ४० लाख रकम खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

८ **कर्मचारी करार -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न (इन्जिनियर, कम्प्यूटर अपरेटर,सवारी चालक, वडाहरुमा कार्यालय सहयोगीहरू) पदमा ३९ जना कर्मचारीहरु करारमा राखि खर्च लेखेको छ ।

९ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १०४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ७९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जिनियर, सहित ९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१० **वडा सचिवको पदपूर्ति -** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १७ | १७ | १३ | ४ |

११ **कल्याण कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले

यस वर्ष आन्तरिक स्रोतबाट/राजश्व वाडफाँडबाट कर्मचारी कल्याण कोषमा रु. ७ लाख ट्रान्सफर गरेको छ।

१२ **सम्पत्ति हस्तान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७9 असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सारेको पाईएन ।

१३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिन्छ। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१४ **आन्तरिक नियन्त्रण प्रणाली** - आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो कार्य गरेको पाइयो ।

- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची २१४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको साथै सूत्रमा स्पस्ट देखिएको ।

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गरेको ।

- • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइयो । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परेको ।

- स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको ।

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको ।

- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा सोको बमोजीम समितिहरु गठन गरेको

- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम मर्मत गरेकको तर लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र इ टीडिएस गरेको ।

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा सो स्थानीय दररेट तोकेको ।

- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता अभिलेख राखेको तर कन्टिन्जेन्सी बजेट खर्च नभएकोले खाता राखेको पाईएन।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईयो ।

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

- सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा पालना भएको पाईयो।

- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको

- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको १०४ जनाको दरबन्दी रहेकोमा २५ दरबन्दी रिक्त रहेको पाईयो ।

- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।

- निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गरेको पाईयो।

- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू यस कार्यालयमा प्राप्त नभएको तर साविक देवचुली नगरपालिकाको मात्र पेश्की वेरुजुको लगत कायम भएकोले पेश्की वेरुजुहरु क्रमश सम्परिक्षण गरिएको

देवचुली नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१५ **बार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २४१०५६११७ पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली बनाएको छैन । बार्षिक खरिद योजना तयार गरेको छैन । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई थप व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१६ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । देवचुली नगरपालिकाले आलेप कर्मचारीको पद रिक्त रहेकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन ।

१७ **जिन्सी निरीक्षण प्रतिबेदन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७को नियम ९९ बमोजिम तयार गरिएको जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित लिलाम बिक्री गर्नुपर्ने जिन्सी मालसामान नियम १०६बमोजिम एक महिनाभित्र प्रक्रिया शुरु गर्नुपर्ने तथा नियम ९९(४)बमोजिम मर्मत सम्भार गर्नुपर्ने मालसामानको हकमा तिन महिना भित्र मर्मत सम्भार गरिसक्नु पर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम लिलाम बिक्री तथा मर्मत सम्भार गर्नुपर्ने कार्य नगरेकोले नियमानुसार गर्नुपर्ने देखिन्छ ।

१८ **खर्च बिश्लेषण -** पालिकाले यस बर्ष कुल आन्तरिक आय बैंक मौज्दात सहित रु २४१२५१०४१ राजस्व बाँडफाँड र अनुदानबाट रु ६५६३६६७४४ समेत रु ८९७६१७७८५ आम्दानी भएकोमा चालु तर्फ रु ५०६१३७६८८ र पूँजिगत तर्फ रु २४१०५६११७ समेत रु ७४७१९३८०६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५१.४६ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु.२३५५०९१५ खर्च भएको छ जुन आन्तरिक आयको ५३.३१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८५ .५६ प्रतिशत चालु र ७५.५९प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१९ **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि

र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २८ वटा ऐन, ५ वटा नियमावली, २९कार्यविधि, आचरसंहिता, ४ वटा मापदण्ड लगायत ७० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ७० वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरि सबै कानून राजपत्रमा प्रकाशित गरिएको छ ।

२० **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा दर्ता ७१ वटा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा मिलापत्र भएका ४२ वटा न्यायीक समितिको निणर्य बमोजिम २ वटा अदालतमा सिफारिस २ वटा विवाद दर्ता भएको ० टुङ्गो लगेको छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३१ र यो बर्ष थप भएको ४० गरी कुल ७१ विवाद दर्ता भएकोमा ४४ वटा मात्र फछ्र्यौट भएको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ। .

२१ **बजेट तथा अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री पार्वता तिवारीले मिति २०८०।०३।१० गते रु.९१०४४०१०३ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०।०४।०२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

२२ **सेवा प्रवाह** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था रहेको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा सम्पन्न दर्ता पास | १२७ |
| अभिखिकरण | १८१ |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ४७४ |

| | |
|---|---|
| मृत्युदर्ता | १७७ |
| बसाईसराई दर्ता | ७६५ |
| विवाह दर्ता | २२४ |
| सम्बन्धविच्छेद दर्ता | |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | ३.२९ |
| ढलान सडक | ०.३ |
| ग्राभेल सडक मर्मत | ११.५३ |
| नया ट्याक निर्माण | ० |
| सडक सरसफाई | २ |
| पक्की नाला | २९ वटा |
| गोरेटो बाटो | ० |

२३ **आर्थिक सहायता** - सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५मा सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था छ। साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ। पालिकाको वित्तीय समानीकरण चालुको नमुना छनौटको आधारमा परीक्षण गर्दा देहायवमोजिम भौचरवाट रु.११५००० आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधिको पालना नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको तथा सम्वन्धित वडाध्यक्षहरुको सिफारिसमा समेत सहायता दिएको जस्ता अवस्था देखियो। पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन। उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ। पालिकाले आर्थिक सहायतामा ९ लाख २४ हजार छ सय पचास खर्च लेखेको छ ।

| गो भौ न/ मिति | आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको नाम | सहायता रकम |
|---|---|---|
| १५/२०७९/०५/१९ | सनि लुगेंली | १०००० |
| २१०/२०७९/०७/२९ | राज कुमारी गुरुङ | १०००० |
| २१५/२०७९/०७/२९ | युहन्ना डिसुवा मगर | २५००० |
| २५५/२०७९/०८/१५ | हिमकला बाचे मगर | १०००० |
| ३५३/२०७९/०९/२२ | डम्बर बहादुर वि क | १०००० |
| ४९१/२०७९/११/०८ | जानुका जैसी | १०००० |
| ४९५/२०७९/११/०८ | फुमिसरा गाहा मगर | १०००० |
| ६२९/२०७९/१२/१३ | कृष्ण प्रसाद लम्साल | १०००० |
| ६७७/२०७९/१२/२२ | सिता थापा | १०००० |
| ५५०/२०७९/११/१९ | सिताराम सुनार | ५००० |
| ५१४/२०७९/११/१४ | मिना थापा | ५००० |
| **जम्मा** | | **११५०००** |

२४ **वित्तीय विवरण** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

- स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

म.ले.प.फा.नं. २७२ अनुसूचीमा संलग्न छ ।

(विस्तृत विवरण बेरूजु दफा २४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२५ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १९९८३९१४८, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. १३१३६०००, समेत गरी रु. २१२९७५१४८ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२६ **बैंक हिसाब मिलान** - स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा खेस्ता र बैंक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ ।

| सि नं | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक अनुसार बाँकी | फरक | कैफियत |
|---|---|---|---|---|---|
| १ | चालु खर्च खाता | ३८९०५१६०.८५ | ३८९०५१६०.८५ | ० | ठिक |
| २ | पुजीगत खर्च खाता | ५६८७८५७४.२७ | ५६५०७४६७.२७ | -३७११०७ | सशर्त अनुदान पूँजिगत बजेट घटेकोले बजेट भन्दा बढी खर्च |
| ३ | विविध खर्च खाता | ६२९०३८६.३९ | ५९३१३१६.५६ | -३५९०६९.८३ | दोहोरो आम्दामी बाँधिएकाले श्रेस्तामा बढी बैंकमा कम देखिएको |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | धरौटी खाता | ८२९३०२९.४१ | ८२९३०२९.४१ | ० | - |
| ५ | संचित कोष | ८५४८६३११.५४ | ८५४८६३११.५४ | ० | - |
| ६ | प्रकोप व्यवस्थापन कोष | १३१६०४९६.२९ | १३१६०४९६.२९ | ० | - |

२७ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत जम्मा खर्चको तुलनामा** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ८३१२३००० | ७३५५८३९२ | ९.८४ |
| २ | पूर्वाधार विकास | २४२१३८१०३ | १७३९७५०६४ | २३.२८ |
| ३ | सामाजिक विकास | ३९०४३९००० | ३५८१९०१०० | ४७.९४ |
| ४ | बातावरण तथा विपद विकास | ० | ० | ०. |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४४५४०००० | २८७२९३८६ | ३.८४ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १५०२००००० | ११२७४०८६२ | १५.०९ |
| | जम्मा रकम | | ७४७१९३८०४ | १००. |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४७.९४ प्रतिशत र संस्थागत विकास सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी ३.८४ प्रतिशत रहेको छ ।

२८ **बक्यौता व्यवसायिक कर -** लेखापरीक्षणको क्रममा नगरपालिकाको आर्थिक ऐनले तोकेको दरमा केही व्यवसायिक फर्मको नमूना परीक्षण गर्दा निम्नानुसार राजस्व वक्यौता दाखिला गर्न बाँकी देखिएकोले अभियानको रुपमा बक्यौता राजस्व असुली गर्न वा दर्ता खारेज गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । केही उदाहरणः

| **व्यवसायीको नाम** | **आ व** | **रकम** |
|---|---|---|
| कोहिनुर वायर एण्ड स्टील इन्डष्ट्रिज | ०७८।७९ देखि ०७९।८० सम्म | १२१००० |
| धौलागिरि सिमेन्ट सामग्री उद्योग | ०७३।७४ देखि ०७९।८० सम्म | ५६०५० |
| नेपाल सिमेन्ट सामाग्री उद्योग | ०७५।७६ देखि ०७९।८० सम्म | ४२०५० |
| | जम्मा रकम | २१९१०० |

२९ परामर्श सेवा खरिद -

२९.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिद गरी रु. ४६६८१६६ खर्च लेखेका छन् ।

| **भौ** नं | **विवरण** | **भुक्तानी** पाउने | **रकम** |
|---|---|---|---|
| १९८।२०८०।०३।२२ | देवचुली नगरपालिका अन्तर्गत पर्ने घुमाउरी गुम्बा देखि उत्तर लोकाहा खोलामा नदीजन्यपदार्थ दिगो र वातावरण मैत्री रुपले उत्खन्न तथा सकलन कार्य सञ्चालनका लागि तयारपारिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन | इन्फ्रा डेभलपकन्सल्ट प्रा .लि ६१००९५५३७ | ४२७१४० |
| १७८।२०८०।०२।३२ | सगठन तथा व्यवस्थापन सर्वेक्षण | एकाउन्टविलिटी इनिसियटिभ प्रा.लि ६००३७५७९१ | ४९७२०० |

| | | | |
|---|---|---|---|
| १५९।२०८०।०२।१७ | बाझो जग्गाउपयोग कार्यक्रम तथा कृषि रणनिती र कार्यनिति निर्माण कार्य | फ्रिप्याड कन्सल्टेन्सी प्रा लि ६१००७६०१३ | ६३७००० |
| १५८।२०८०।०२।१७ | नगरपालिका भवन अगाडी विस्तृत कार्ययोजना कार्य | इन्भेन्टिभ इन्जिनियरिङ एण्ड इन्फ्रा डेवलोपर्स प्रा लि ६१०३३७०२६ | ९९८७५ |
| २०३।२०८०।०३।२३ | दुम्कौली नगर अस्पतालमा एनालाइजर खरीद | हिम शिखर बायो मेडिकल्स प्रा लि | १६७८०५० |
| ६६।२०७९।१०।२३ | जनज्योति मार्गसडकको डिपिआर निर्माण | अरोमाटेक्नोलोजीज प्रा लि६०९५१०१८० | ४९७२०० |
| १०२६।२०८०।०३।२२ | पशुपति सागबेद | अरोमाटेक्नोलोजीज प्रा लि६०९५१०१८१ | ४९७२०१ |
| १०६१।२०८०।०३।२४ | नगरपालिका चिनारी भिडियो प्रोफाइल बनाउने कार्य | सक्रिय सञ्चारप्रा लि ६०९७६३३४४ | ३३४५०० |
| जम्मा रकम | | | ४६६८१६६ |

यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन।

**सेवाको लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स, आदि कुरा लाई आधार मानि लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले माथि उल्लेखित आधार वेगर फर्मसँग दररेट माग गरी लागत अनुमान तयार गरको कारण लागत अनुमान यथार्थ परक छैन।

२९.२ **वीमा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्शदाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निसर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेशनल ल्याविलिटी इन्सोरेन्स) पेश गर्नु पर्ने व्यवस्था नियमावलीको नियम

८०(७) मा उल्लेख भएकोमा कार्यालयले परामर्शदाताको पेशागत दायित्व विमा पेश गर्न लगाएको छैन । खरिद कानुनको पालना नगर्नेलाई जिम्मेवार बनाउनु पर्दछ।

२९.३ **वाह्य परामर्शदातावाट काम -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमा मात्र परामर्शदातावाट काम गराउन सकिने उल्लेख छ। पालिकाको कार्यालयमा प्राविधिक कार्यमा संलग्न थुप्रै जनशक्ति मौजुदा रहेकोमा सो जनशक्तिको उपयोग नगरी बाह्य परामर्शदाताबाट खरिद सम्झौता गरी खर्च गरेको कारण सेवा खरिद कार्यमा पालिका लाई रु ४६६८१६६ थप व्ययभार परेको छ। आफनो जनशक्तिबाट हुन सक्ने कार्यमा बाहय जनशक्ति प्रयोग गरिनु हुदैन ।

३० **राजस्व रकम ढिला दाखिला -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर राजस्व रकम दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।१२।१८ को निर्णयबाट रु. ५००० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

**३१ मु अ कर दाखिला नभएको**

३१.१ प्रारम्भिक वातावरणीय अध्ययन (IEE) प्रतिवेदन २०७९ अनुसार बौलाहा खोलाको लक्ष्मिपुर खण्डको २७,७७१.५९ घ मि र रामबास खण्डको १०,३९५.६१ घ मि गरी जम्मा ३८१६७.२ घ मिन नदिजन्य पदार्थ उत्खन्न गर्ने सकिने बार्षिक परिमाण उल्लेख भएकोमा उल्लेखित परिणाम राष्टपति चुरे तराइ मधेश संरक्षण विकास समितिको च नं २०९ मिति २०७९।१०।१६ पत्रबाट लक्ष्मिपुर खण्डबाट १४८०० घ मि र रामबास खण्डको १०,३९५ घ मि गरी बार्षिक कुल २५,१९५ घ मि नदीजन्य पदार्थ उत्खन्न गर्न सहमती दिएको देखिन्छ ।

३१.२ उक्त बौलाहा खोलाको आय ठेक्का व्यवस्थापन अन्तर्गतको कबोल अंक रु ६३४७६२८.३० भ्याट बाहेक को १३ प्रतिशतले हुने मु अ कर रकम रु ८२५१९१ संघीय खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु ८,२५,१९१/-

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,२५,१९१ |

३२ **आन्तरिक श्रोत परिचालन** - नदिजन्य उत्खन्न कार्यको लागि मिति २०७९।१२।०९ मा प्रथम पटक बोलपत्र आव्हान भएकोमा कुनै पनि बोलपत्रदाताले पेश नगरेको हुँदा दोस्रो पटक मिति

२०८०।०१।११ मा पुन बोलपत्र आव्हान भएकोमा बढि राजश्व कबोल गर्ने युनिक निर्माण सेवासँग २०८० जेष्ठ मसान्त (२४ दिन) सम्म का लागि कबोल रकम रु ७१७२८१९ मु अ कर सहित सम्झौता भएकोमा पटक/पटक गरी रु ७१२३८६७ रुपैंया पालिकाको आन्तरिक खातामा दाखिला भएको देखिन्छ । उक्त आय ठेक्कामा पालिकाको आय खातामा दाखिला गर्न बाँकी रु ४८९५२ देखिएकोले सोको १० प्रतिशतले हुने जरिवाना रकम समेत गणना गरी सम्बन्धितबाट दाखिला गर्नुपर्ने रकम रु ५३,८४७/-

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५३,८४७ |

३३ **आयको अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ३,००,००,०००।०० (तीन कराेड) प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु ४,४३,९७,४९१।०९ (चार करोड त्रीचालिस लाख सन्तानब्बे हजार चार सय एकानब्ने रुपिँया नौ पैसा) अर्थात अनुमान भन्दा ४७.९९ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३४ **मृत्यु पश्चात भत्ता भुक्तानी** - सामाजिक सुरक्षा नियमावली २०७६को नियम १३ मा सामाजिक सुरक्षा पाउने व्यक्तिको मृत्यु भएका उक्त लाभग्राहीलाई भत्ता पाउने सुचिबाट हटाई मृत्यु भएको दिनदेखि भत्ता दिन रोक्नु पर्ने व्यवस्था भएकोमा पालिकाले चौमासिक भत्ता वितरण गर्दा मिति ०८०।०२।३१ मा मृत्यु भएको वडा नं १७ निवासी दामोदर प्रसाद पौडेलको नाममा मृत्यु पश्चात पनि भत्ता निकासा गरेको रु ४,०००/-

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,००० |

३५ **प्रशिक्षक भत्ता** - गण्डकी प्रदेश खर्च मापदण्ड, २०७९अनुसूचि १ मा पारिक्षमिक (तालिम केन्द्र / प्रतिष्ठानबाहेक) का अधिकृस्तर का प्रशिक्षकले प्रति सेसन तालिम कार्यपत्र वापत रू १५०० र कक्षा सञ्चालन वापत रू १००० गरी जम्मा रू २५०० उपलब्ध गराउन पर्ने व्यवस्था उल्लेख छ ।पालिकाले देहायको तालिम कार्यक्रममा नर्मस् विपरीत भत्ता दर बढाएर प्रशिक्षक भत्ता भुक्तानी गरेको छ । यसरी सम्झौता नै नगरी मापदण्डले तोकेको दर भन्दा बढी दरमा प्रशिक्षकलाई भत्ता भुक्तानी गरेकोमा बढी भुक्तानी भएको भत्ता सम्बन्धित प्रशिक्षकबाट असूल गर्नुपर्ने रु ३१,५००/-

| **क स** | **गौशरा भौचरन मिति** | **कार्यक्रमको नाम** | **प्रशिक्षक नाम थर** | **प्रशिक्ष क सख्या** | **सेस न** | **दर** | **भुक्तानीभ एको** | **हुनु पर्ने** | **फरक** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १५।२०८०।२।४ | विदेशबाट फर्किएका युवाको लागि सिपमुलक तालिम कार्यक्रम | श्याम काजीश्रेष्ठ | १ | २५ | ३४०० | ८५००० | ६२५०० | २२५०० | अधिकृस्तरीय तालिम |
| २ | ५४५।२०७९।११।१८ | जनप्रतिनिधिहरुको लागि अभिमुखीकरण कार्यक्रम | गगा पौडेल | १ | २ | ३४०० | ६८०० | ५००० | १८०० | अधिकृस्तरीय तालिम |
| | | | दुर्गा सुवेदी | १ | ३ | ३४०० | १०२०० | ७५०० | २७०० | |
| | | | कुमार प्रसाद दहाल | १ | २ | ३४०० | ६८०० | ५००० | १८०० | |
| | | | हरि कृष्ण कोइराला | १ | ३ | ३४०० | १०२०० | ७५०० | २७०० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,५०० |

३६ **न्यून वीजकीकरण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही नियमावलीको नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक निकायले नियम १२३ बमोजिम भुक्तानी दिँदा वास्तविक खर्च मूल्याङ्कन गरी भुक्तानी दिनुपर्नेमा पालिकाले देहायको भुक्तानी गर्दा समितिले पेश गरेको विल विजकमा सिमेन्टको मूल्य निम्मनानुसार तोकिएको जिल्ला दररेट भन्दा कम मूल्यमा खरिद गरेकोले सोही आधारमा मुल्याङ्कन गरी उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्नेमा बढी भुक्तानी भएकोसिमेन्टको रकम तथा १३ प्रतिशतले हुने मु अ कर रकम सम्बन्धितबाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. १२,६९,९०४/-

| योजनाकोनाम | जिल्लादररेट बमोजिमको दर | बिलबमोजिमको दर | खरिदपरिमाण बोरा | फरक दर | रकम | १३ प्रतिशत मू अ कर | सिमेन्टको प्रकार |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नेपाल नमुना भवन निर्माण | ६२० | ४४२ | १६०५ | १७८ | २८५६९० | ३७१४० | पि पि सि |
| | ७२५ | ५२२ | ५३१ | २०३ | १०७७९३ | १४०१३ | ओपि सि |
| भिमसेन माध्यमिक विद्यालयको बाल विकास भवन निर्माण | ६२० | ४६६ | २९७ | १५४ | ४५७३८ | ५९४६ | पि पि सि |
| | ७२५ | ५५५ | २०३२ | १७० | ३४५४४० | ४४९०७ | ओपि सि |
| भिमसेन माध्यमिक विद्यालयको प्राइमरी भवन निर्माण | ६२० | ४५० | ३१५ | १७० | ५३५५० | ६९६२ | पि पि सि |
| | ७२५ | ५६० | ८०० | १६५ | १३२००० | १७१६० | ओपि सि |
| देवचुली माध्यमिक विद्यालयको भवन निर्माण | ६२० | ४६० | ४८० | १६० | ७६८०० | ९९८४ | पि पि सि |
| जनज्योति मा वि देवचुली १५ | ६२० | ४६० | ४८० | १६० | ७६८०० | ९९८४ | पि पि सि |
| जम्मा रकम | | | | | ११२३८११ | १४६०९३ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,६९,९०४ |

३७ **प्रतिवेदन पेश नभएको -** पालिकाले तयार गरेको पशु सेवा कार्यक्रम संचालन कार्यविधी २०८० बमोजिम पशु पन्क्षी व्यवसायीको आय आर्जनलाई वृद्दि गर्ने उद्देश्यले कार्यालयले ५० प्रतिशत अनुदानमा मागमा आधारित रही वितरण गरेको यान्त्रिकरण जस्तै च्याफ कटर, ब्रस कटर, फिड मिल आदि हरि प्रसाद काफ्ले लगायत १८ जनालाई वितरण गरि रु ४४४००० बराबरको अनुदान वितरण गरेकोमा सम्झौताको बुँदा नम्बर १० मा उल्लेख भए बमोजिम उक्त व्यवसायीले कम्तिमा ५ वर्ष सम्म व्यवसाय गर्नु पर्ने व्यवस्था छ। यस सम्बन्धमा अनुदानको प्रयोग वा दुरुपयोग सम्बन्धमा नियमित अनुगमन गरी प्रतिफलको सुनिश्चितता गर्नुपर्दछ ।

३८ **विद्यालयको भवन निर्माण अनुदान -** स्थानीय तहले विद्यालयको भौतिक निर्माण कार्यमा खर्च गर्ने प्रयोजनको लागि अनुदान उपलब्ध गराउने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यान्वयन पुस्तिका ०७९।८० को क्रियाकलाप नं ११·१·२·४४५ मा उल्लेख छ । उक्त अनुदान रकम विद्यालयलाई उपलब्ध गराउँदा सम्पादन हुने कार्यक्रमको लागत अनुमान तथा विद्यायलयको ड्र्इङ डिजाइनिङ सहितको गुरुयोजना निर्माण सहित अनुदान माग गर्न लगाई उपलब्ध गराउने, विद्यालयको भौतिक निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली र विद्यालय खरिद दिग्दर्शन भित्र रहि निर्माण कार्य संचालन गर्ने तथा उक्त बजेट विद्यालय र स्थानीय तह बीच सम्झौता गरी कार्यप्रगतिको आधारमा उपलब्ध गराउने व्यवस्था रहेको छ । पालिकाले निम्न विद्यालयहरुमा संघीय सशर्तको विद्यालय भवन निर्माण कार्यमा कार्यसम्पादन मुंल्याकन, प्राविधिक मुंल्याकन, विद्यालय व्यवस्थापन समितिको निर्णय, स्थलगत निरीक्षण प्रतिवेदन अनुगमन प्रतिवेदन तयार नहुदै आर्थिक वर्षको अन्त्यमा एकमुष्ठ निकासा गरेकोमा यस वर्ष ०८०।८१ मा भवनको प्राविधिक मूल्यांकन भएको श्रेस्ताबाट देखिन्छ ।यसरी पालिकाले आर्थिक बर्षको अन्त्यमा विद्यालयमा एकमुष्ठ अनुदान दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| सि नं | भौचर नं मिति | विद्यालय | अनुदान रकम | प्राविधिक मुल्याङकन | नापी भएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ६३। २०८०।०३।२० | जनज्योती नमुना मा वि-१४ | ४५,००,००० | ४८३३७९५ | २०८०।६।२६ | राष्ट्रपति शैक्षिक सुधार |
| २ | ६३। २०८०।०३।२० | देवचुली मा वि-१६ | २२,५०,००० | २३५९७३३ | २०८०।५।२ | राष्ट्रपति शैक्षिक सुधार |
| ३ | ६३। २०८०।०३।२० | जनज्योती मा वि-१५ | ४५,००,००० | ४७८११५५ | २०८०।५।२४ | राष्ट्रपति शैक्षिक सुधार |
| ४ | ६३। २०८०।०३।२० | नेपाल मावि | ५०,००,००० | १२०१६७१२ | २०८०।८।१९ | गत बर्षको ७० लाख नमुना विद्यालय |
| ५ | ६३। २०८०।०३।२० | भिमसेन मा वि | १,००,००,००० | ९२५६६१७ | २०८०।०५।१० | नमुना विद्यालय |

| | | | |
|---|---|---|---|
| जम्मा रकम | २,६२,५०,००० | ३,३२,४८,०१२ | |

***पालिकाको जवाफ: आर्थिक बर्षको अन्तयमा भवन निर्माण सम्बन्धी बजेट निकासा भएको शसर्तको अनुदान संघीय संचित कोषमा रकम फिर्ता हुने हो भने विद्यालय भवन निर्माण गर्न नसकिने हुँदा सम्बन्धित विद्यालयमा निकासा भएको रकम रोक्का राखि नापी किताब कार्य सम्पन्न प्रतिवेदन तयार भए पश्चात मात्र निकासा फुकुवा गरीदिने गरेको हो । भवन निर्माण कार्यको सुनिश्चिता भए पछि मात्र कार्य गर्ने गरेका छौं ।***

३९ **मू. अ. कर कट्टी -** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा भएको २१ औं संशोधन अनुसार सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघसंस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले गरेको निम्न भुक्तानीमा सो को ३० प्रतिशतले हुने रु.५८४४९ /- कट्टा गरी भुक्तानी गरेको नदेखिएकोले मू.अ. कर समायोजन प्रमाणपत्र पेश गर्नुपर्ने रु. ५८,४४९/-

| सि नं | गो भौ नं मिति | विक्रेताको नाम | प्रयोजन | बिल रकम | मू अ कर रकम | ३०% मू अ कर रकम |
|---|---|---|---|---|---|---|
| १ | २१।२०७९।०८।२५ | नारायणी फर्निचर सेन्टर | फर्निचर तथा फिक्चर्स खरिद | ३९४८०० | ५१३२४ | १५३९७ |
| २ | ३१।२०७९।१०।२५ | एक्सपर्ट ल्यापटप सोलुसन प्रा लि | ल्यापटप तथा कम्प्युटर खरिद | ६१७२७३ | ८०२४५ | २४०७३ |
| ३ | २७।२०८०।०३।२१ | नवलपूर ड्रिलिङ एण्ड कन्स्ट्रक्सन प्रा लि | ट्युब वेल खरिद | ४८६६५१ | ६३२६४ | १८९७९ |
| | | | | **जम्मा** | **१९४८३३** | **५८४४९** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५८,४४९ |

४० **रीतपूर्वकको कर बिजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर बीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रीतपूर्वको कर वीजक बेगर एक्सपर्ट ल्यापटप सोलुसन प्रा लिबाट मु.अ.कर रु. ८०२४५ समेत रु. ६९७५२० को कम्प्युटर सामग्री खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्सले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु. ८०,२४५/-

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८०,२४५ |

४१ **मुख्यमन्त्री तथा नवप्रवर्तन साझेदारी कार्यक्रम** - स्थानीय सुशासन सेवा प्रवाह र आर्थिक विकासका क्षेत्रमा नवप्रवर्तनको माध्यमबाट नविनतम सोच र सिर्जनशिलता प्रवर्दवन गर्न मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय गण्डकी प्रदेशले मुख्यमन्त्री नवप्रर्वतन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९ को दफा १३ को उपदफा ७ बमोजिम प्रदेश तथा स्थानीय तहको सहलगानीमा नविनतम परियोजनाहरु संचालन गरि नवप्रर्वतनलाई संस्थागत गर्नका लागि मिति २०७९।८।१२ मा मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय गण्डकी प्रदेश र पालिकाबीच लागत साझेदारीमा सम्झौता भएकोमा मुख्यमन्त्रीबाट ७० प्रतिशतले रु १४९८०००० र नगरपालिकाबाट ३० प्रतिशतले रु ६४२०००० गरी जम्मा रु २१४००००० रहेको छ । यस बर्ष पालिकाबाट ६६६८२४५ र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट रु १४९७९८४६ खर्च भएको विवरणबाट देखिन्छ ।यस सम्बन्धमा देखिएको प्रमुख व्यहोरा निम्न छन् ।

४१.१ उक्त सम्झौताको बुँदा ७ मा पालिकाले आफ्नो योजना अनुगमन समितिबाट कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन गरी यस सम्बन्धी त्रैमासिक रुपमा वित्तिय तथा भौतिक प्रगति तथा समिक्षा प्रतिवेदनहरु सम्पर्क व्यक्ति मार्फत शासकीय सुधार तथा महाशाखामा अनिर्वाय रुपमा पठाउनु पर्नेछ । अनुगमनबाट मिति २०७९।१२।१७ मा बैठक बसेता पनि अनुगमन समितिबाट प्रगति समिक्षा नगरिएको साथै साइलेज उद्योग संचालन कार्यविधि निर्माण गर्ने एजेण्डामा छलफल भएको देखिएन । हालसम्म अनुगमन समितिले त्रैमासिक प्रगति प्रतिवेदन पेश नगरेकोले साइलेज उद्योग संचालनका सम्बन्धमा विश्लेषण गर्न सकिएन । पालिकाको फोकल व्यक्तिसँग सम्पर्क गर्दा अनुगमन स्थलगत भएको तर लिखित माइनुट प्रतिवेदन तयार नगरेको जवाफ दिएका छन् ।

४१.२ साइलेज उद्योग संचालन सम्बन्धी सम्झौता अन्तर्गत सम्झौता अंगको रुपमा रहेको अनुसूची ५ (ज) मा निम्न अनुसार खर्च गर्न परियोजनाको बजेट बाँडफाँड भएकोमा निम्न क्षेत्रमा सीमा भन्दा बढी खर्च गरेकोले बढी खर्च भएको रकम प्रदेश सरकारबाट खर्च समर्थन गर्नु पर्ने रु १०,६०,७००/-

| क्रियाकलाप | स्वीकृत रकम | खर्च रकम | अन्य शिर्षक | खर्च रकम |
|---|---|---|---|---|
| मल तथा विषादी | १५००००० | ११३९३०० | पूर्वाधार क्षेत्र | ३६०७०० |

| | | | | |
|---|---|---|---|---|
| तालिम संचालन | ७००००० | ० | थ्रि फेज विद्युत क्षेत्र | ७००००० |
| जम्मा रकम | २,२०,००० | ११,३९,३०० | | १०,६०,७०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,६०,७०० |

४१.३ ३ भौ नं र मिति ८।२०८०।१।२४ बाट पालिकाले क्याटलग सपिङ विधि मार्फत अम्बु मार्केटिङसँग ट्याक्टरमा रु १८९८४०० र हाइडोलिक ट्रलिमा रु २७४८८७ गरी जम्मा रकम रु २१७३२८६ मुल्य कबोल गरेकोमा उक्त मार्केटिङले ट्याक्टरमा मुल्य रु १२५००० र हाइडोलिक ट्रलिमा रु ५००० गरी जम्मा रु १३०,००० छुट दिएकोले कुल भुक्तानी रु २०४३४३० भएको देखिन्छ। उक्त सामग्रीको मेकानिकल इन्जिनियर शुसिल सापकोटा सिभिल इन्जिनियर टिकाराम बस्याल पशु सेवा शाखा प्रमुख तथा फोकल पर्सन डा श्याम कृष्ण तिवारी र लेखापरिक्षक टोलि सहित स्थलगत अवलोकन गर्दा लु ५ त १२७७ नम्बरको ट्याक्टर महेन्द्र एण्ड महेन्द्र कम्पनीको स्पेशिफिकेनसनका प्रमुख आइटमहरुमा भिडान भएको देखिन्छ ।तर ट्याक्टर पालिकाको नाममा नामसारी भइ आएको नदेखिएकोले नामसारी गरी ब्लु बुक पेश गर्नुपर्ने रु २०,४३,४३०/-



| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,४३,४३० |

४१.४ पालिकाकाले मिति २०८०।८।१२ गते मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसँग सम्झौता गरी संचालन गर्नका लागि मलविउ विजन विषादी कामदारहरुको ज्याला आदिमा २०८० असार मसान्त सम्म रु १५,७९,४५४ खर्च गरेकोमा लेखा परिक्षण अवधि २०८०।०८।२७ सम्मको सम्बन्धित शाखाले दिएको विवरण अनुसार २०३३१३ के जी (रु१४,२५,९९१) साइलेज उत्पादन भएकोमा सो मिति सम्म साइलेज विक्रिबाट प्राप्त रकम १७७६१ के जी (रु१,५१,४३९) राजश्व आम्दानी बाँधेको देखिन्छ ।हाल सम्म उक्त उद्योग तथा परियोजनामा गरिएको लगानीमा चालु खर्च तर्फ मात्र लगानीको ९० प्रतिशत उपलब्धी भएको देखिन्छ साथै पुँजीगत तथा चालु तर्फ गरी जम्मा रु २१४०००० खर्च भएकोमा उक्त अवधिको उत्पादन परिमाण सँग तुलना गर्दा पहिलो बर्षमा ९४ प्रतिशत लगानीको तुलनामा घाटा भएको देखिन्छ ।उद्योगमा विक्रि नभइ बाँकी रहेको १८५५५२ के जी साइलेज भण्डारमा रहेकोले उक्त सामग्रीलाई हावा नछिर्ने तरिकाले भण्डार गर्नु पर्न तथा अन्य वातावरणीय तथा जैविक क्षतिबाट समयमा नै जोगाई छिमेकी जिल्लासँग प्रतिस्पर्धात्मक हुने गरी रेट निर्धारण गरी तुरुन्त विक्रि गर्नुपर्दछ ।

४२ कार्यविधि वेगर खर्च -

४२.१ पालिकाले शिक्षा स्वास्थ्य रोजगारी लगायतका सामाजिक सुरक्षाको क्षेत्रमा कार्य गर्दा कार्यविधि स्वीकृत गरेर मात्र खर्च व्यवस्थापन गर्नुपर्दछ। कार्यालयले भौ नं ८९३ । २०८०।०२।२९ मा वडा स्तरीय कार्यक्रमबाट वडा नम्बर १४ को छात्रछात्रा अभिभावकत्व ग्रहण कार्यक्रममा २ विद्यालय जनज्योति नमुना मा वि र बाल्मिकि आधारभूत विद्यालयलाई २५००० का दरले विद्यालयको खातामा गरिब तथा जेहेन्दार छात्रवृतिका लागि रकम भुक्तानी गरेको छ । यसरी छनौट उपयुक्त आधार स्पष्ट नभइ तथा कार्यविधि वेगर बिद्यालयमा अनुदान रकम निकासा दिएकोले नियमसंगत नदेखिएको रु ५०,०००/-

| | |
|---|---|
| अनियमित भएको | ५०,००० |

४२.२ मिति २०८०।०१।१९ गते कृषि समितिको निर्णय अनुसार हरियो तरकारि खरिद तथा बिक्रि गरिरहेको जलुके घुमाउरी सिचाई जल उपभोक्ता संस्था देवचुली १० ले तयार पारेको खरिद बिलको आधारमा प्रति के जी रु ५ का दरले प्रोत्साहान रकम उपलब्ध गराउने निर्णय गरिएकोमा खरिद बिक्रि अभिलेखको आधारमा १०९९५ के जी खरिदमा प्रति के जी रु ५ का दरले जम्मा प्रोत्साहान रकम रु ५४९७५ र बिक्रि समयमा क्षतिका आधारमा जम्मा रकम रु ४४४९९ गरि जम्मा रु ९९४७४ अनुदान दिएको देखिन्छ।यसरी खरिद विक्रिमा दिएको अनुदानको आधार स्पष्ट गर्ने कार्यविधि बेगर वितरण गर्दा वास्तविक लाभग्राही स्पष्ट हुँदैनन्।यस्ता कार्यक्रम गर्दा कार्यविधि स्पष्ट बनाइ पारदर्शी ढङ्गले संचालन गरी प्रतिफलको सुनिश्चितता गर्नुपर्दछ।

४३ **छात्रवृत्ति वितरण** - पालिकाले शिक्षा स्वास्थ्य रोजगारी लगायतका सामाजिक सुरक्षाको क्षेत्रमा कार्य गर्दा कार्यविधि स्वीकृत गरेर मात्र खर्च व्यवस्थापन गर्नुपर्दछ । पालिकाले गो भौ नं ९३।२०७९।११।२८ मा कार्यविधि वेगर कार्यपालिकाको मिति २०७९।०८।२९ गतेको निर्णय अनुसारदेवचुली १६ स्थित देवचुली माध्यमिक विद्यालयमा प्राविधिक धारतर्फ सिभिल इन्जीनियरका १ जना विद्यार्थीलाई रु ३१८८८० छात्रवृति दिने निर्णय बमोजिम यस बर्ष रु ७८५४८ छात्रवृति रकम उपलब्ध गराएकोले नियम संगत नदेखिएको रु ७८,५४८/-

साथै आगामी दिनहरुमा यस्ता प्रकारको छात्रवृति दिने कार्यलाई पारदर्शी बनाउन निश्चित सूचकहरु निर्धारण गरी कार्यविधिका आधारमा मात्रै वितरण गर्नुपर्ने देखिन्छ ।

| | |
|---|---|
| अनियमित भएको | ७८,५४८ |

४४ **पुरस्कारमा कर कट्टी -** आयकर ऐन, २०५८ को दफा ८८ क को उपदफा १ मा आकस्मिक लाभ वापतको भुक्तानीमा २५% कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडा नं १६ मा क्रिकेट प्रतियोगिता आयोजना गरी रजहर क्रिकेट क्लबलाई रु ९०००० नगद पुरस्कार वितरण गरेकोमा २५% का दरले रु २२५०० आकस्मिक लाभ कर कट्टी गरेको देखिएन । यसर्थ ऐनको व्यवस्था अनुसार पुरस्कारमा

लाग्ने आकस्मिक लाभ करको रकम सम्बन्धित विद्यालयबाट असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु २२, ५००.००

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,५०० |

४५ **विद्यालय सुधार योजना तथा लेखापरीक्षण अनुदान -** विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभुत तह सञ्चालित विद्यालयहरुका लागि प्रति विद्यालय रु १० हजार र माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्रति विद्यालय रु १५ हजारको दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण शिर्षकमा एकमुष्ट अनुदान निकासा दिने व्यवस्था रहेको छ र सोही बमोजिम विद्यालयले अन्तिम लेखापरीक्षण हुनु पूर्व नै उक्त लेखापरीक्षण कार्यसम्पन्न गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले आ व ०७९।८० मा पालिकाका २८ विद्यालयको सामाजिक तथा आर्थिक लेखापरिक्षणको लागि रकम-निकासा गरी खर्च लेखेकोमा निकासा भएको आर्थिक वर्षको विद्यालयको आर्थिक लेखापरीक्षण भई प्रतिवेदन पेश नभएकोले आर्थिक लेखापरीक्षण गराई सोको प्रमाण पेश गर्नुपर्ने रु ३,३०,०००/-

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३०,००० |

४६ **नमूना विद्यालय -** स्थानीय तहले नमूना विद्यालयको भौतिक पूर्वाधार निर्माण कार्यमा खर्च गर्ने प्रयोजनको लागि अनुदान उपलब्ध गराउने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११ १ २ १ मा उल्लेख छ ।विद्यालयले उक्त रकम विद्यालयको गुरुयोजना अनुसार खर्च गर्नु पर्ने र त्यसरी खर्च लेख्दा शैक्षिक क्षेत्रको सुदृढीकरण र विकासलाई पहिलो प्राथमिकता दिनु पर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष शैक्षिक क्षेत्र सुधारको लागि देहायका विद्यालयलाई रकम निकासा गरेकोमा कार्ययोजना अनुसारको कार्यसम्पन्न गरी खर्चको प्रमाण पेश नभएकोले कार्ययोजना अनुसारको कार्य गरी तोकिएको क्षेत्रमा खर्च भएको प्रमाण पेश गर्नुपर्ने रु ६६,००,००० /-

| विद्यालय | रकम |
|---|---|
| नेपाला मावि | ३०००००० |
| भिससेन मावि | ३६००००० |
| जम्मा | ६६००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६६,००,००० |

४७ **प्रशिक्षण भत्ता -**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर सविता हिताङलाई बढी भुक्तानी भएको प्रशिक्षण भत्ता दाखिला भएको आधारमा मिति २०८०-१२-१८ को निर्णयबाट रु.२९७० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४८ **स्पष्ट भरपाई पेश नभएको -** गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ (५) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले गो भौ नं १०८।०७९।११।२८ र १२९।०७९।१२।१९ मा मकैबाली प्रवद्धन कार्यक्रम अन्तर्गत वीउ वीजन खरिद गरी कृषकलाई वितरण गरेकोमा वितरणको भरपाई केरमेट तथा स्पष्ट नभएकोले किसानले के कति सङख्यामा वीउ वीजन पाएका हुन भन्ने एकिन हुन नसकिएको रु ३,०७,०००/-

| | |
|---|---|
| अनियमित भएको | ३,०७,००० |

४९ प्राविधिक धार संचालनमा रहेका विद्यालयलाई अनुदान -

४९.१ विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनकाको लागि विद्यालयलाई अनुदानको व्यवस्था रहेको छ । जसअन्तर्गत प्राविधिक धार सञ्चालनमा रहेका विद्यालयमा अध्ययनरत कक्षा ९ देखि १२ सम्मका विद्यार्थी यकिन गरी शिक्षण सिकाइ सामाग्री,ल्याब असिष्टेण्टका लागि पारिश्रमिक उपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रु १५००० का दरले हुन आउने रकम एकमुष्ठ रुपमा विद्यालयलाई अनुदान दिने र विद्यालयले उक्त रकम OJT मा सहभागी हुने विद्यार्थीका लागि प्रति महिना १ हजारका दरले सम्बन्धित विद्यार्थीको बैङक खातामा उपलब्ध गराउने व्यवस्था रहेकोमा देवचुली माविमा १४५ जना विद्यार्थीलाई भरपाइ मार्फत रकम वितरण गरेकोले कार्यविधि वेगर भुक्तानि भई अनियमित देखिएको रु ४,४३,२७५/-

| | |
|---|---|
| अनियमित भएको | ४,४३,२७५ |

४९.२ विद्यालय क्षेत्र सुधार कार्यक्रमकार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनकाको लागि विद्यालयलाई अनुदानको व्यवस्था रहेको छ । जसअन्तर्गत प्राविधिक धार सञ्चालनमा रहेका विद्यालयमा अध्ययनरत कक्षा ९ देखि १२ सम्मका विद्यार्थी यकिन गरी शिक्षण सिकाइ सामाग्री,ल्याब असिष्टेण्टका लागि पारिश्रमिकउपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रु १५००० का दरले हुन आउने रकम एकमुष्ठ रुपमा विद्यालयलाई अनुदान दिने र विद्यालयले उक्त रकम OJT मा सहभागी हुने विद्यार्थीका लागि प्रति महिना १ हजारका दरले सम्बन्धित विद्यार्थीको बैङक खातामा उपलब्ध गराउने व्यवस्था रहेकोमा पृथ्वी माविमा ५२ जना विद्यार्थीलाई भरपाई मार्फत रकम वितरण गरेकोले कार्यविधि वेगर भुक्तानि भई अनियमित देखिएको साथै उक्त विद्यालयमा आन्तरिक श्रोतको शिक्षकको राखि उक्त बजेट रकमबाट मासिक १४ हजारको दरले शिक्षकलाई तलब निकासा गरेकोले अनियमित देखिएको रु २,९६,०००/-

| | |
|---|---|
| अनियमित भएको | २,९६,००० |

५० **मृगौला, डायलासिस रोगी तथा क्यान्सर बिरामीलाई औषधी उपचार खर्च -** नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ बमोजिम गरिबीको परिचय पत्र वितरण गरेको जिल्लाको हकमा सो परिचय पत्र वाला तथा गरिबीको परिचय पत्र वितरण गरी नसकेको जिल्लाको हकमा बिपन्न व्यक्ति वा स्थानीय तहबाट सिफारिस समिति गठन गरी पहिचान भएका बिपन्नलाई कार्यविधिमा उल्लिखित रोगका लागि औषधीउपचार खर्च वापत नेपाल सरकारले तोकेको मासिक ५००० का दरले त्रैमासिक रुपमा महिनाको अन्तिम दिन स्थानीय तहले लाभग्राहीको खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । यस जिल्लामा गरिबीको परिचयपत्र वितरण नगरेको अवस्थामा स्थानीय तहबाट सिफारिस समिति गठन गरी खर्च उपलब्ध गराउनुपर्नेमा वडाको सिफारिसमा ८५ जनालाई रु ४२८०००० वितरण गरेको छ ।संघीय सरकारबाट तोकिएको कार्यक्रमका लागि बजेट खर्च गर्दा कार्यविधिमा उल्लिखित व्यवस्थाको पालना गर्दै वास्तविक विपन्नले सुविधा प्राप्त गरे नगरेको साथै खर्चको सदुपयोग भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ ।

५१ **विद्यालयमा ICT ल्याब स्थापना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सामान आपूर्ति पश्चात परीक्षण गरी प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले निम्न बजेट उप शीर्षकबाट ICT ल्याबको रकम विद्यालयलाई अनुदान दिएकोमा विद्यालयले खरिद गरेका कम्प्युटर उपकरण तथा सामग्रीहरु तोकिएको स्पेशिफिकेशन बमोजिम प्राप्त भए नभएको सम्बन्धमा प्राविधिक प्रतिवेदन (Post Delivery Inspection -PDI) पेश गरेको समेत देखिएन । यसबाट तोकिएको लक्ष्य तथा उद्देश्य हासिल भएको र तोकिएको प्राविधिक स्पेशिफिकेशन बमोजिमकै सामग्री खरिद गरेको यकिन हुन नसकेकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ बमोजिमको प्राविधिक प्रतिवेदन एवं जडान गरेको प्रमाण पेश गर्नुपर्ने रु १३,००,०००

| विद्यालयको नाम | रकम |
|---|---|
| जनज्योति नमुना मावि | ६५०००० |
| वरचुली मावि | ६५०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,००,००० |

५२ **पढदै कमाउदै अनुदान -** विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.१३ को ९.१३ मा पढ्दै कमाउँदै कार्यक्रम कार्यान्वयको व्यवस्था रहेको छ ।जसअन्तर्गत स्थानीय तहले आव ०७९।८० मा छनोट भएका विद्यालयका लागि पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि २०७८ मा उल्लेखित कार्यप्रकृया बमोजिम विद्यालयका लागि स्वीकृत बजेटको परिधिभित्र रही अनुदान कार्यविधिमा उल्लेखित यस वर्ष संचालित हुने कार्यक्रमको क्षेत्र, क्रियाकलाप कार्यान्वयनको समयतालिका सहितको कार्ययोजना पेश गर्न लगाई विद्यालयसंग सम्झौता गर्ने व्यवस्था रहेको छ । साथै कार्यविधि बमोजिम कार्यक्रम संचालनको लागि विद्यालयलाइ सुरुमा

५० प्रतिशत रकम उपलब्ध गराउने व्यवस्था रहेकोमा कार्यालयले गो भौ नं २८७।०८०।०३।२० मा पढ्दै कमाउदै अनुदान वापत देवचुली माविमा रु १० लाख अनुदान दिएकोमा कार्यप्रगतिको आधारमा रकम उपलब्ध गराउनु पर्नेमा कार्यविधिले तोकेभन्दा फरक तरिकाले एकमुष्ठ अनुदान रकम निकासा दिएको साथै विद्यालयबाट उक्त रकम उपयोगको सम्बन्धमा कार्यालयमा प्रमाण कागजात पेश नभएकोले कार्ययोजना सहितको तोकिएको क्षेत्रमा खर्च भएको पुष्टाई हुने गरी प्रमाण पेश गर्नुपर्ने रु १०,००,०००/-

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००,००० |

५३ **स्थलगत लेखापरीक्षण -** मिति २०८०।८।२९ गते प्राविधिक इन्जिनियर तथा लेखा परिक्षण टोलीको संयुक्त उपस्थितिमा निम्न विद्यालयहरुको स्थलगत अवलोकन गरी निम्न आइटमहरुको नापजाच गर्दा देखिएका व्यहोरा निम्नानुसार रहेका छन ।

| सिन | विद्यालयको नाम ठेगाना | परिक्षण गरेको आइटम विवरण | कैफियत |
|---|---|---|---|
| १ | जनज्योति माध्यमिक विद्यालय, देवचुली १५ | छत ढलानको लम्बाइ २५.४ मिटर चौडाइ १०.६ मिटर | छतमा खुल्ला रहेको डन्डी खिया नलाग्नबाट बचाउन छोप्नु पर्ने देखियो । |
| Slab Opening length 4.1 m Breath 4.25 m<br>झ्याल ढोकाको सख्या गणना गरिएको डि वानको चौडाइ १.५मि. उचाइ १.३७ मि रहेको | | | |
| २ | नेपाल माध्यमिक विद्यालय, देवचुली १ | डि वान मध्ये एक ढोकाको चौडाइ ०.९२ मि.<br>उचाइ २.१४ मि. रहेको | साइन्स ल्यावको आपूर्ति गरिएको साम्रगीहरु मध्ये केहि साम्रगीहरुको जडान नभएको । |
| ३ | भिमसेन माध्यमिक विद्यालय, देवचुली ७ | | अवलोकन गर्दा २०८० ।८१ मा निकास हुने भनिएको अनुदान रकमको बराबरको समेत कार्य भइरहेको |
| ४ | जनज्योती नमुना माध्यमिक विद्यालय वि-१४ | जिप्सन लम्बाइ १३.२ मि. चौडाइ ८.८५ मि. | प्राविधिक मूल्याङकनमा फरक नपरेता पनि जिप्सनको कार्य अधुरो रहेको हुदा स्रोत व्यवस्था गरी कार्य सम्पन्न गर्नु पर्ने देखियो । |

| | | | |
|---|---|---|---|
| | | ८ थान ढोका मध्ये एक ढोका नापजाच गर्दा चौडाइ ०.९१ मि.<br>उचाइ २.१३ मि. रहेको पाइयो । | |
| ५ | देवचुली माध्यमिक विद्यालय, देवचुली १६ | स्लयाब लम्बाइ २५.७ मि. चौडाइ १०.६ मि.<br><br>१८ गोटा पिलर गणना गरियो । | छतको पिलरमा खुल्ला रहेको डन्डी खिया नलाग्नबाट बचाउन छोप्नु पर्ने देखियो । |

**स्थलगत लेखापरीक्षणबाट देखिएका तस्विरहरु :**





फोटोः नेपाल माध्यमिक विद्यालय साइन्स ल्याब , देवचुली १

५४ **सहभागी भत्ता -** प्रदेश (गण्डकी) खर्च मापदण्ड, २०७९ को दफा ७(५) मा सार्वजनिक यातायात नचल्ने स्थानमा आतेजाते गरी दुइ दिनसम्मको लागि रू २०० र सो भन्दा बढीजति सुकै दिन भएता पनि

एकमुष्ट ५०० रूपैया प्रदान गर्न सकिने व्यवस्था रहेको छ । कार्यालयले निम्न कार्यक्रममा कार्यविधिमा व्यवस्था भएको भन्दा बढी सहभागी भत्ता वितरण गरेकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु ४२,६००/-

| क स | गौशरा भौचर नं मिति | कार्यक्रमको नाम | सहभागि सख्या | दिन | दर | भुक्तानी भएको | हुनु पर्ने | फरक |
|---|---|---|---|---|---|---|---|---|
| २ | १०।२०७९।०९।१३ | महिला स्वास्थ्य स्वंयम सेविका दिवस | ३१ | १ | ४०० | १२४०० | ६२०० | ६२०० |
| ३ | १०४५।२०८०।३।२३ | टोल विकास संस्थाको क्षमता विकास तालिम | ३५ | १ | ५०० | १७५०० | ७००० | १०५०० |
| ४ | १५।२०८०।२।४ | विदेशबाट फर्केकाहरलाई तालिम | ३० | ७ | १०००० | ३०००० | १५०० | १५००० |
| ५ | ४५७।२०७९।१०।२३ | टोल विकास संस्थाको क्षमता विकास तालिम | ५३ | २ | ५०० | २६५०० | १५९०० | १०६०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४२,६०० |

५५ **पदाधिकारी सुविधा** - गण्डकी प्रदेश राजपत्र (२०७७/३/२६) अनुसार अनुसुचीमा न.पा. पदाधिकारी तथा सदस्यले पाउने सुविधामा नपा प्रमुख तथा उपप्रमुखलाई अतिथि सत्कार वापत मासिक रुपमा सुविधा प्रदान गर्दै आएकोमा पटके विलको आधारमा अतिथि सत्कार वापतको रकम पुन भुक्तानी भएकोले अनियमित भएको रु ८३,१४०/-

| क स | गौशराभौचर न मिति | पद | पदाधिकारीनाम | विषय | रकम |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ७८५।२०८०।२।१ | नगर उपप्रमुख | पार्वता तिवारी | अतिथि सत्कारखाजा खाना | १५९५० |
| २ | ६७६।२०७९।१२।१२ | नगर प्रमुख | हरि प्रसादन्यौपाने | अतिथि सत्कारखाजा खाना | ६७१९० |
| जम्मा रकम | | | | | ८३१४० |

| | |
|---|---|
| अनियमित भएको | ८३,१४० |

५६ **पदाधिकारी इन्धन सुविधा -** गण्डकी प्रदेश राजपत्र (२०७७/३/२६) अनुसार अनुसुचीमा न.पा. पदाधिकारी तथा सदस्यले पाउने सुविधामा नपा प्रमुख तथा उपप्रमुखले वार्षिक १०८० लि. डिजेल मात्र नियम अनुसार पाउने उल्लेख भएकोमा देहायको लि. खपत गरेकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| सि न | नाम | पद | गाडि नं | बुझेको इन्धन (लि.) | नम्स अनुसार पाउने इन्धन (लि.) | फरक इन्धन (लि.) | औसत दर प्रति लि | रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | हरी प्रसाद न्यौपाने | नगर प्रमुख | बा २ झ ४०२३ | ४०२० | १०८० | २९४० | १९० | ५५८६०० |
| २ | पार्वता तिवारी | नगर उप प्रमुख | बा २ झ १२६० | ५१३१ | १०८० | ४०५१ | १९० | ७६९६९० |
| जम्मा रकम | | | | | | | | १३२८२९० |

५७ **स्पष्ट उद्देश्य बेगरको भ्रमण खर्च -** भ्रमण खर्च नियमावली २०६४ बमोजिम भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले भ्रमण गर्नुको उद्देश्य एवं कार्य स्पष्ट उल्लेख गरी सम्बन्धित अधिकारीबाट स्वीकृत गराइ मात्र भ्रमण खर्च बुझी लिन पाउने व्यवस्था छ । कार्यालयको कामकाजको सिलसिलामा कुनै कर्मचारी

एवं पदाधिकारीले भ्रमण गर्दा भ्रमण गर्नुको स्पष्ट उद्देश्य र प्रयोजन खुलाई माथिल्लो तहको पदाधिकारीबाट स्वीकृत गराई मात्र भुक्तानी खर्च लिनुपर्दछ । नमुना परीक्षणका आधारमा लेखापरीक्षण गर्दा कार्यालयले नपा उपप्रमुख पार्वता तिवारीले मिति ०७९।१२।०५ देखि ०७९।१२।११सम्म पोखरा भ्रमण गरी भ्रमण खर्च वापतको रु. १०००० भूक्तानी लिएकोमा भ्रमणको आदेश र भ्रमण स्थान विच तादम्यता नभएको, मिति र भ्रमण आदेश नम्बर नमिलेको, आयोजक संस्थाको पत्र पेश नभएको तथा भ्रमणको उदेश्य स्पष्ट नभएकोले अनियमित देखिएको रु. १०,०००/-

| | |
|---|---|
| अनियमित भएको | १०,००० |

५८ **कार्यसम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ। यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन। कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।

५९ **खरिद तथा ठेक्का अभिलेख -** खरिद तथा ठेक्का अभिलेख सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

५९.१ ठेक्काबाट भएको कामको अभिलेख काम हुने सबै सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नु पर्दछ । यस पालिकाले उक्त म. ले. प. फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म .ले. प. फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राखेको देखिएन । नियमको पालना गर्नुपर्दछ।

५९.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले खरिद कारवाहीको अभिलेख राख्नुपर्नेमा सो बमोजिम अभिलेख व्यवस्थित गरी राखेको देखिएन । यसबाट अभिलेखको अभावमा खरिद व्यस्थापन गरिएका कार्यको व्यवस्थित नियन्त्रण हुन सक्ने देखिएन । कार्यालयमा प्राविधिक कर्मचारीको फेरबदल हुँदा ठेक्का फाइल तथा संबद्ध सूचनाहरु बरबुझारथ गरी जिम्मेवारी हस्तान्तरण गर्को समेत देखिएन । कार्यालयले नियमको पालना गरी खरिद कारवाहीको अभिलेख राख्ने व्यवस्था गर्नुपर्दछ ।

६० **ठेक्का व्यवस्था** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ३० प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको

कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता परेका केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| सि नं | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | सुरक्षित नागरिक आवास निर्माण वडा नं १ देखि १६ | DEV/NCB/WORKS/01 | Dhananjay Engineering Pvt.Ltd. Kathmandu | १३७५७३९७ | ९५६५४८९ | ३० |
| २ | साइलेज प्लान्ट निर्माण वडा नं १६ | DEV/NCB/WORKS/02 | Kaligandaki Nirman Sewa, Bulingtar 03 | १०४५६६२३ | ८३२११६७ | २० |
| ३ | रिङ रोड निर्माण वडा नं ६ ,८ ,१२ | DEV/NCB/WORKS/03 | Aarambha Builders, Devchuli 11 | ९५०६६५० | ९५०५८०४ | ० |
| ४ | सडक कालोपत्रे ५ खण्ड वडा नं ६ ,८ ,११ , १२ , १३ | DEV/NCB/WORKS/04 | Manisha Construction, Parsa | ६७८५८३२ | ६७८५८३२ | ० |
| ५ | सुरक्षित नागरिक आवास | DEV/NCB/WORKS/05 | Diwa Engineering, Devchuli 12 | ३५१६६८९ | २८८२८०३ | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | निर्माण वडा नं १ देखि १६ | | | | | |
| ६ | सडक बोर्ड अन्तर्गत ४ खण्ड सडक मर्मत | DEV/NCB/WORKS/06 | | ६०७४३१२ | | |
| ७ | तुलसी भण्डारीको घरदेखि सफारी मार्ग कालोपत्रे | DEV/NCB/WORKS/07 | Aarambha Builders, Devchuli 11 | ४०५३४५८ | ४०५३२६४ | |
| ८ | झोलुङ्गे पुल निर्माण सामग्री खरिद वडा ६, ८ र ९ | DEV/NCB/GOODS/03 | Agro Engineering Works, Butwal | ३८८९४५७ | ३२३८८६२ | १७ |
| ९ | वडा नं १५ मा झोलुङ्‍ पुल निर्माण सामग्री खरिद | DEV/NCB/GOODS/04 | Junkiri Industries, Butwal | १४८२१२६ | १४३२४१९ | ३ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६१ **कन्टिनजेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० (७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट १.५ र ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७९/८० मा कन्टीन्जेन्सी बापत रु

३०६९१४३ ।- कट्टी गरी रु. २५०७६८५ । खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

६२ **विल वेगर भुक्तानी** - गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ (५) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले गो भौ नं ३८।०८०।०१।२६ मा नगरस्तरीय रिगरोड निर्माण कार्यको लागि रिङरोड खण्ड देवचुली ४ उपभोक्ता समितिलाई इन्सुरेन्स, होडिङ बोर्ड निर्माण तथा उपभोक्ता व्यवस्थापन खर्च वापत रु ३६३३५ रकम भुक्तानी गरेकोमा विल भरपाई नपुगेको रु १९,८००/-

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,८०० |

६३ **नवीकरणीय उर्जा प्रविधि जडान -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर नवीकरणीय उर्जा प्रविधि जडान गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१८ को निर्णयबाट रु.७,९७,१६० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६४ **जनसहभागिताको अंश कट्टी नगरी भुक्तानी गरेको** - गण्डकी प्रदेश अर्थ मन्त्रालयबाट जारी बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि २०७७ को तेस्रो संशोधन सहितको दफा २९ को उपदफा १ मा उपभोक्ता समितिले लागत सहभागिता बमोजिम कम्तिमा १० प्रतिशत अंश व्यहोर्ने व्यवस्था रहेको छ ।पालिकाले उक्त व्यवस्थाको प्रतिकुल हुने गरी २०७८।१०।२३ को निर्णय नं ३ बाट सार्वजनिक विद्यालयको भौतिक संरचना निर्माण कार्यहरुमा लागत सहभागिता अनिवार्य गर्नु नपर्ने भनि निर्णय गरेको देखिन्छ । यसरी प्रदेश सरकारको कार्यविधि प्रतिकुल हुने गरी निर्णय गरेकोले निम्न अनुसारका निर्माण कार्यमा लागत सहभागिता कट्टा नगरी बढी भुक्तानी भएकोले सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी राजश्व खातामा दाखिला गर्नु पर्ने रु २,४९,८०५/-

पालिकाले आगामी दिनमा प्रदेश सरकारले तोकेको कार्यविधिको पालना गर्ने गरी कार्यक्रम संचालन गर्न पर्ने देखिन्छ ।

| क्रस | गौश्चारा भौचर न मिति | कार्य | रकम |
|---|---|---|---|
| क | ११५।२०८०।०३।०७ | जनज्योति क्याम्पस भवन निमार्ण कार्यको लागि ९९९४४० को लागत अनुमान स्वीकृत गरी उक्त भवननिमार्ण समितिसंग सम्झौता गरी कार्य गरेकोमा प्राविधिक मुल्याङ्कन रू १०००५०३भएकोमा नियम अनुसार भवन निर्माण समितिले १० प्रतिशतले हुने | १०००0५ |

| | | | |
|---|---|---|---|
| | | रू १०००0५ समेत भुक्तानी भएकोले निर्माण समितिको अंशकट्टी नगरी भुक्तानी भएकोले सम्बन्धीत समितिबाट असुल गर्नु पर्ने रू १०००0५ | |
| ख | २८५।२०८०।०३।२० | पुथ्वी माध्यमिक विद्यालयको प्रवेशद्वार निर्माण कार्यको लागि रु ३०००३६ को लागत अनुमानस्वीकृत गरीएकोमा ( लागत अनुमान तयार गर्दा उ स को १० प्रतिशत कट्टा हुनेगरी स्वीकृत भएकोमा )उक्तप्रवेशद्वार निमार्ण समितिसंग सम्झौता गरी कार्य गरेकोमा प्राविधिक मुल्याङ्कन रू २९५५०० को १० प्रतिशतले हुने रु | २९५१० |
| ग | २५७/२०८०/०३/०७ | जनज्योती कलेज ट्र्याकनिर्माण कार्यमा लागत अनुमान तयार गर्दा जन सहभागिताको१० प्रतिशत अश समावेश नगरी ल इ स्वीकृत गरेकोदेखिन्छ प्राविधिक मुल्याकन रु १५७९०८ को १० प्रतिशतले हुने रु | १५७९० |
| घ | २९।२०७९।१०।१८ | उक्त भौचरमा रु ७०००००  लाख भुक्तानी भएकोमा (उपभोक्ताको अंश कट्टानगरी) भुक्तानी भएकोमा शारदा आधारभूत विद्यालय किर्तिपुर ट्रसनिर्माण उपभोक्ता समिति जनसहभागिताको १० ले हुने रु | ७०००० |
| ङ | ४६८।२०७९।१०।२५ | नेपालधर्ती प्रा वि व्यवस्थापन तथा सुसासन कार्यक्रम अन्तर्गत श्रीनेपालधर्ती प्रा वि उपभोक्ता समितिको लागि भुक्तानी भएको कुल रकम रु २००००० लाखमध्ये योजना नेपाल धर्ती प्राविलाई जन सहभागिताको १० ले हुने रु | २०००० |
| च | ७६९।२०८०।०१।२१ | नेपाल राष्ट्रिय शारदा आ वि को अधुरो योजना कार्यक्रम अन्तर्गतश्री नेपाल राष्ट्रिय शारदा आ वि ट्रस निर्माण उपभोक्ता समितिको लागि भुक्तानीभएको कुल रकम रु १४५००० लाख मध्ये १० प्रतिशतले हुने रु | १४५०० |

| असुल गर्नुपर्ने | २,४९,८०५ |
|---|---|

६५ **बढी मूल्य भुक्तानी भएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही नियमावलीको नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक निकायले नियम १२३ बमोजिम भुक्तानी दिँदा वास्तविक खर्च मूल्याङ्कन गरी भुक्तानी दिनुपर्नेमा पालिकाले देहायको भुक्तानी गर्दा समितिले पेश गरेको विल विजकमा सिमेन्टको मूल्य निम्मनानुसार तोकिएको जिल्ला दररेट भन्दा कम मूल्यमा खरिद गरेकोले सोही आधारमा मुल्याङ्कन गरी उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्नेमा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. ९,६३,९६३/-

| गो भौ नं मिति | योजनाको नाम | जिल्ला दररेट बमोजिमको दर | बिल बमोजिमको दर | खरिद परिमाण बोरा | फरक दर | रकम | १३ % मू अ कर | सिमेन्टको प्रकार |
|---|---|---|---|---|---|---|---|---|
| १६१ २०८०।०२।१७ | भु पु सैनिक जन कल्याण समुह व्यवस्थापन खर्च समिति | ६२० | ४४० | ३५ | १८० | ६३०० | ८१९ | पि पि सि |
| | | ७२५ | ५२० | ५५ | २०५ | ११२७५ | १४६६ | ओ पि सि |
| १३१ २०८०।०३।२२ | स्वास्थ्य चौकी देखि रजहर खानेपानी कार्यालय सम्म टहरा निर्माण | ६२० | ५३१ | १८७५ | ८९ | १६६८७५ | २१६९४ | पि पि सि |
| | | ७२५ | ६३८ | ३२८ | ८७ | २८५३६ | ३७१० | ओ पि सि |
| १३२ २०८०।०३।२२ | रजहर पार्क निर्माण | ७२५ | ५२० | २२० | २०५ | ४५१०० | ५८६३ | ओ पि सि |
| १३३ २०८०।०३।२२ | आँपिखोला पक्की पुल निर्माण | ६२० | ४८० | ३८५ | १४० | ५३९०० | ७००७ | पि पि सि |
| | | ७२५ | ४९० | १२० | २३५ | २८२०० | ३६६६ | ओ पि सि |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११६ २०८०।०३।०७ | कुमारवर्ती आधारभुत विद्यालय | ६२० | ४२५ | १०९ | १९५ | २१२५५ | २७६३ | पि पि सि |
| १२१ २०८०।०३।१७ | हिमाल बरटाडी आमा समुह | ६२० | ३९५ | ६८ | २२५ | १५३०० | १९८९ | पि पि सि |
| ९५ २०८०।०२।०९ | डेरी मार्ग स्तरउन्नती | ७२५ | ५६० | १०० | १६५ | १६५०० | २१४५ | ओ पि सि |
| ११२ २०८०।०३।०४ | मध्यवर्ति क्षेत्र पर्यटकीय पदमार्ग | ७२५ | ४९० | ८७ | २३५ | २०४४५ | २६५८ | ओ पि सि |
| ९२ २०८०।०२।०८ - | नेपाल मगर सग्रहालय | ६२० | ४७३ | २१५ | १४७ | ३१६०५ | ४१०९ | पि पि सि |
| | | ७२५ | ५६१ | १६५ | १६४ | २७०६० | ३५१८ | ओ पि सि |
| ५२ २०७९।१२।०९ | गोर्खाली मार्ग स्तरोन्नती | ७२५ | ५७५ | १२० | १५० | १८००० | २३४० | ओ पि सि |
| ३५ २०७९।११।१० | प्रगति टोल विकास संस्था | ६२० | ४८४ | २०१ | १३६ | २७३३६ | ३५५४ | पि पि सि |
| ४१ २०७९।११।२१ | टोक्रे नहर निर्माण उपभोक्ता समिति | ६२० | ४६८ | ३२६ | १५२ | ४९५५२ | ६४४२ | पि पि सि |
| ४३ २०७९।११।२५ | लक्ष्मीपुर जाने सडक मर्मत | ६२० | ४३५ | ३९० | १८५ | ७२१५० | ९३८० | पि पि सि |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २८० २०८०।३।२० | सामुदायिक सिकाइ केन्द्रमा भवन तल्ला थप | ७२५ | ४९२ | १९७ | २३३ | ४५९०१ | ५९६७ | ओ पि सि |
| १६० २०८०।०१।२१ | नारायणी प्रा वि को अधुरो भवन निर्माण कार्य | ७२५ | ५०९ | १४८ | २१६ | ३१९६८ | ४१५६ | ओ पि सि |
| १६६ २०८०।१।२६ | कुजौलीमा रहेको बाटोको साईड वाल निर्माण कार्य | ६२० | ३९१ | १८० | २२९ | ४१२२० | ५३५९ | पि पि सि |
